# राष्ट्रिय दलित आयोग

## दैलेख जिल्लाको तोली गा.विस वडा नं. २ धनीगाउका सन्तवहादुर दमाई र राजकुमारी शाही विचको अन्तरजातीय विवाहको विषयलाई लिएर केटाका वावु सेते दमाईको हत्या गरिएको घटना सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन

## २०६८

## अनुगमनकर्ता


श्री गोविन्दबहादुर नेपाली, सदस्य, राष्ट्रिय दलित आयोग

श्री उदवीर नेपाली, कानून अधिकृत, राष्ट्रिय दलित आयोग

## विषयसूची


| क्र.स. | विषय | पेज नं. |
|---|---|---|
| १ | विषय प्रवेश | १ |
| १.२ | घटनाको पृष्ठभूमी | १ |
| १.३ | अध्ययनको उद्धेश्य | २ |
| १.४ | अध्ययन टोलीको कार्य प्रक्रिया | २ |
| १.५ | घटनाको तथ्य संकलनको विधि/पद्धती | २ |
| २ | अध्ययन विस्तृत कार्य विवरण | ३ |
| २.१ | अन्तरजातीय विवाहित जोडीको व्यक्तिगत तथा पारिवारीक विवरण | **३** |
| २.२ | घटनास्थलको अवस्था (मृतक सेते दमाईको घरको) | ४ |
| २.३ | अध्ययन टोलीसँगको छलफलमा विभिन्न व्यक्तित्वहरुको भनाई | ४ |
| २.३.१ | सुर्खेत जिल्लाका प्रहरी प्रमुख (एस.पी.) श्री गोविन्द राम परियार | ४ |
| २.३.२ | दैलेख जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बासुदेव दाहाल | ५ |
| २.३.३ | दैलेख जिल्लाका निमित्त प्रहरी नायव उपरिक्षक हिम्मत बहादुर घर्ती मगर | ५ |
| २.३.४ | दैलेख जिल्लामा क्रियाशिल दलित संजालका प्रतिनिधिहरु : | ६ |
| २.३.५ | मृतक सेते दमाईको जेठो छोरा नरबहादुर दमाई र पवित्रा दमाई : | ७ |
| २.३.६ | रुपेश थापा मगर (सन्तवहादुर दमाईको छिमेकी) : | ९ |
| ३ | उक्त घटना पश्चात फेरी हुन सक्ने सम्भावित घटना । प्रयासहरु | ९ |
| ४ | अध्ययन पश्चात अध्ययन टोलीको निष्कर्ष: | ९ |
| ५ | अध्ययन टोलीको सुझाव : | १० |
| ६ | अनुसूचिहरु : | |
| ६.१ | फोटोहरु | |
| ६.२ | जाहेरी दरखास्त | |
| ६.३ | अन्तरक्रिया कार्यक्रममा सहभागिको नामवली | |

## १. विषय प्रवेश :

दैलेख जिल्लाको टोली गा.वि.स. वडा नं. २ मा स्थायी रुपमा बसोवास गर्दै आएका सेते दमाईको छोरा सन्तबहादुर दमाई र सोही बडा निवासी राजकुमारी शाही वीच भएको अन्तरजातीय विवाहको विषयलाई मिति २०६८ भाद्र १३ गते वेलुका अ. ९: ०० बजेको समयमा हतियार सहितको १५ देखि २० जनाको समुहले घरपरिवार माथि आक्रमण गरी सन्तबहादुर दमाईको बावु सेते दमाईको हत्या गरेको भनी विभिन्न संचार माध्यमहरुमा प्रकाशित र प्रसारित भएपछि राष्ट्रिय दलित आयोग लगायत दतिल भातृ संघ/संगठन, दलित नागरिक समाजको ध्यानाकार्षण भएको र मिति २०६८ भाद्र १६ गते राष्ट्रिय दलित आयोगको सभाहलमा दलित भातृ संघ गठनहरु, दलित गैर सरकारी संस्था महासंघ लगायतका दलित संस्थाहरुका प्रतिनिधिहरुको उपस्थितिमा छलफल र अन्तरक्रिया भएको थियो । उक्त छलफल पश्चात राष्ट्रिय दलित आयोग, दलित संघसंगठनहरु र नागरिक समाजको तर्फदेखि अलग अलग प्रेश विज्ञप्ती जारी गर्ने कार्य भएको थियो । संयुक्त रुपमा बसेको बैठकले उक्त घटनाको बारेमा सत्यतथ्य अध्ययन गर्नको लागि स्थलगत भ्रमण गरी घटनाको सत्यतथ्य विवरण बाहिर सार्वजनिक गर्नको लागि घटनास्थलको भ्रमण गर्ने सल्लाह सहमति गरेको थियो ।

उक्त घटनाको अध्ययन गर्नको लागि राष्ट्रिय दलित आयोगको तर्फदेखि सदस्य श्री गोविन्दवहादुर नेपालीको नेतृत्वमा कानून अधिकृत उदवीर नेपाली सहितको टोली घटनास्थलमा पुगेको थियो भने दलित नागरिक समाजको तर्फदेखी दलित गैरसरकारी संस्था महासंघ, नेपाल राष्टिय दलित समाज कल्याण संघ का प्रतिनिधिहरु समेत आयोग सँगसँगै घटनास्थलमा जाने कार्य भएको थियो । घटनाको अध्ययन गर्नको लागि निम्न व्यक्तिहरु दैलेख पुग्नु भएको थियो ।

१. श्री गोविन्दबहादुर नेपाली, सदस्य, राष्ट्रिय दलित आयोग
२. श्री उदवीर नेपाली, कानून अधिकृत राष्ट्रिय दलित आयोग
३. श्री नन्द विश्वकर्मा, केन्द्रीय उपाध्यक्ष, दलित गैर सरकारी संस्था महासंघ,
४.श्री दिपकराज तिमिल्सिना, मानवअधिकार अनुगमन अधिकृत, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ
५.श्री डिल बहादुर परियार, कावा अध्यक्ष दलित गैरसरकारी संस्था महासंघ क्षेत्रिय कार्यालय, नेपालगंज
६.श्री हेमन्त विश्वकर्मा, दलित सेवा संघ प्रतिनिधि, बाँके
७.श्री वल बहादुर सार्की, दलित सेवा संघ प्रतिनिधि, सुर्खेत

## १.२. घटनाको पृष्ठभूमी :

दैलेख जिल्ला तोली गा.वि.स. वाड नं. २ धनीगाँउ बस्ने सेते दमाईको छोरा सन्तबहादुर दमाई र ऐ.ऐ बस्ने भक्त बहादुर शाहीको छोरी राजकुमारी शाहीले मिति २०६८ श्रावण २८ गते अन्तरजातीय विवाह गरेको विषयलाई लिएर मिति २०६८ भाद्र १३ गते राती ९ बजे राजकुमारी शाहीको फुपु नाता पर्ने विन्दु शाहीको नेतृत्वमा १०/१५ जनाको हतिरयारधारी समुहले सन्तेदमाईको घरपरिवारमाथि आक्रमण गरी बर्ष ५० का सन्ते दमाईको हत्या भएको भन्ने समाचार विभिन्न संचार माध्यमहरुले प्रशारण र प्रकाशित गरेको र स्थानीय दैलेख जिल्लामा क्रियाशिल दलित संघसंस्था, दलित भातृसंगठन र स्थानीय

प्रशासनलाई टेलिफोनबाट सोधपुछ गर्दा समेत घटना घटेको भन्ने कुरा पुष्टि भएपछि, राष्ट्रिय दलित आयोगको संयोजनमा दलित भातृ संघसंगठनका नेताहरु, दलित गैरसरकारी संस्था महासंघका अध्यक्ष, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका अध्यक्ष, दलित सेवा संघका अध्यक्ष, लगायतका संघसंस्थाहरुको सम्युक्त बैठक बसी उक्त घटनालाई जातीय छुवाछूतको पराकाष्टाको रुपमा लिई घटनाको सत्यतथ्य अनुसन्धान गर्नको लागि स्थलगत भ्रमण गर्ने भन्ने सल्लाह सहमती बमोजिम मिति २०६८ भाद्र १७ देखि २१ सम्म घटनास्थलमा पुगी विभिन्न सरोकारवालाहरुसँग भेटघाट, छलफल, सोधपुछ, अन्तरक्रिया तथा घटनास्थलको अवलोकन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

**१.३.अध्ययनको उद्धेश्य :**

- घटनाको सत्यतथ्य पत्ता लगाउने ।
- सत्यतथ्य विवरण सार्वजनिक गर्ने र दोषीउपर कारवाही गर्न र मृतकको घरपारिवारलाई सुरक्षा लगायत क्षतिपूर्तीको लागि सम्बन्धित निकायमा पहल गर्ने ।
- जातीय भेदभाव तथा छुवाछूतका कारण हुनसक्ने दलित मानवअधिकार उलंघनका घटनाहरुको बारेमा आमनागरिक, सरोकारवाला निकायहरुलाई सजग, सचेत एवं संवेदनशिल बनाउने

**१.४. अध्ययन टोलीको कार्य प्रक्रिया:**

- घटनाको स्थलगत अध्ययन गरी मृतकका घरपरिवार सँग भेटघाट छलफल गरी प्रतिक्रिया लिएको,
- मृतक रहेका गाविसका वरीपरिका छिमिकीसँग भेटघाट, छलफल गरिएको,
- जिल्लामा क्रियाशिल दलित गैरसरकारी संघसंस्थाहरु, दलित संजाल र राजनीतिक दलका दलित भातृ संगठनहरुसगँ छलफल, अन्तरक्रिया गरि प्रतिक्रिया लिएको,
- प्रमुख जिल्ला अधिकारी, प्रहरी निरिक्षक, सरकारी वकिलसँग भेटघाट, छलफल गरी प्रतिक्रिया लिईएको,
- मृतकका छोराले दिएको जाहेरी दरखास्त, जिल्ला अस्पतालबाट भएको पोष्टमार्टम रिपोर्टहरुको अध्ययन गरिएको ,
- घटना सम्बन्धमा पूर्व प्रकाशित सामग्रीहरूको अध्ययन,
- घटनासंग सम्वन्धित प्रचलित नेपाल कानूनको अध्ययन गरेको,
- प्राप्त तथ्यहरुको विश्लेषण गरी निष्कर्ष निकालिएको ।

**१.५. अध्ययन टोलीले घटनाको तथ्य संकलनको विधि/पद्धती :**

- घटनास्थलको अवलोकन,
- भेटघाट, छलफल र अन्तरक्रिया
- प्रश्नोत्तर, सोधपुछ

## २.अध्ययनको विस्तृत कार्य विवरण :

**२.१.** अन्तरजातीय विवाहित जोडीको व्यक्तिगत तथा पारिवारीक विवरण :

घटनाको घटना भएको दिन (२०६८/५/१३) गते घरमा उपस्थित व्यक्तिहरुको विवरण :




| केटाको व्यक्तिगत तथा पारिवारीक विवरण | | केटीको व्यक्तिगत तथा पारिवारीक विवरण |
|---|---|---|
| नाम | सन्तबहादुर दमाई | राजकुमारी शाही |
| जन्म मिति | २०४६।०२।१३ | २०४६।०३।२७ |
| जात | दमाई | ठकुरी |
| बर्ष/उमेर | २२ वर्ष | २२ वर्ष |
| ठेगाना | तोली गाविस वडा नं. २, धनीगाउँ, | तोली गाविस वडा नं. २, धनीगाउँ, दैलेख |
| परिवार संख्या | | |
| बाजेको नाम | | महारुप शाही (७४) |
| बावुको नाम | सेते दमाई | भक्तबहादुर शाही |
| आमाको नाम | अमृता दमाई | जगती शाही |
| एकै घरमा बस्ने<br>बुबा - सेते दमाई (५४)<br>आमा - अमृता दमाई (४९)<br>जेठो दाजु - नरबहादुर दमाई (२६)<br>जेठी भाउजू - पवित्रा दमाई (२४)<br>भतिजा - झलक दमाई (६)<br>माईला दाजु - सुशील दमाई (२४)<br>माईली भाउजू - खम्विरा दमाई (२०)<br>आफू - सन्तबहादुर दमाई (२२)<br>बहिनी बुद्धिसरा दमाई (१४) | | **एकै घरमा बस्ने**<br>आमा - जगती शाही (४१)<br>आफू - राजकुमारी शाही (२२)<br>भाई - राजेन्द्र शाही (१३) |
| जेठो बुबा - नरबहादुर दमाई (३ छोरा/१ छोरी)<br>माइलो बुबा - परे दमाई (१ छोरा/३ छोरी)<br>(भारतमा मजदूरी गर्न गएको बखत ३ वर्ष अघि निधन)<br>साइलो चाहिं आृनो बुबा - सेते दमाई (३ छोरा/२ छोरी) | | **अर्को छुट्टै घरमा बस्ने**<br>बुबा - भक्तबहादुर शाही (४७)<br>सौतेनी आमा - पवित्रा शाही (४४) |

| | |
|---|---|
| (छोराले अन्तरजातीय विवाह गरेको कारण माइती पक्षबाट २०६८ भदौ १४ गते हत्या)<br>काइलो बुबा - कले दमाई (४ छोरा/१ छोरी)<br>कान्छा बुबा - प्रेम दमाई (२ छोरा/३ छोरी)<br>फुपू - मसान्ती दमाई (२ छोरा/१ छोरी) | सौतेनी आमा पट्टिको दाजु - **मदन** वा **सेते** भनेर चिनिने पदमबहादुर शाही (२५)<br>सौतेनी आमा पट्टिको दिदी (विवाहिता) - अम्मा खत्री (२३)<br>सौतेनी आमा पट्टिको बहिनी - कर्णकली शाही (१५)<br>सौतेनी आमा पट्टिको बहिनी - मोतीकला शाही (१३) |
| आफ्नो माईती तोली-४ राइली गाउँमा बस्ने<br>सौतेनी आमा - सेती दमाई (४५)<br>सौतेनी आमा पट्टिको बहिनी - पम्फा दमाई (२) | काका - लालबहादुर शाही (४२)<br>उहाँका १ छोरा/१ छोरी<br>जेठी फुपू - काली शाही<br>माइली फुलू - रत्ना चन्द<br>कान्छी फुपू - बिन्दकला शाही<br>(फुपूहरु सबै ३ वटै विवाहित) |

## २.२.घटनास्थलको अवस्था (मृतक सेते दमाईको घरको)

- १० फीट चौडाई र १२ फीट लम्वाई भएको वाहिर आगन
- भूईतला ढोका नभएको वाहिर कोठाको ५ फीट चौडाई, ७ फीट लम्वाई र साढे ४ फीट उचाईं
- काठको द्वार जोडेको साढे ४ फीट चौडाई, ७ फीट लम्वाई र बाहिरकै उचाईं बराबर भएको भित्र कोठा जो भान्छाको लागि प्रयोग गरिन्छ ।
- बाहिर कोठाबाट भित्र पस्ने ठाउँनिर देब्रे भित्ता छोएको थारोमा २ फीट चौडा र साढे २ फीट लम्वाई भएको माथिल्लो तलामा हेर्न सकिने सानो प्वाल छोडिएको छ । तर माथि जाने त्यहाँबाट लिस्ने पनि नभएको र सानो प्वाल भएकोले मोटो र जवाल मान्छे छिर्न नसक्ने किसिमको छ ।
- माथिल्लो तलामा जानको लागि बाहिर पट्टिबाट काठको फट्टा राखेर जाने गरिएको । कुल ५ फीट मात्र उचाई भएपनि त्यहाँ लिस्ने, भऱ्याङ्ग केही लगाइएको छैन । बाहिर खुल्ला र पछिल्तिरको बान्दो/पर्खाल पूरा उठाएर झ्याल समेत नराखी बन्द गरिएको कारण अघिल्तिरबाट भित्र जाने र त्यहीबाट मात्र फर्किन सकिन्छ, अरु बाटो छैन । यो खुल्ला कोठाको लम्वाई १२ फीट र चौडाई चाहिं ७ फीट रहेको छ ।

## २.३. अध्ययन टोलीसँगको छलफलमा विभिन्न व्यक्तित्वहरुको भनाई :

### २.३.१ सुर्खेत जिल्लाका प्रहरी प्रमुख (एस.पी.) श्री गोविन्द राम परियार

- उक्त घटना वर्वर र दुर्भाग्यपूर्ण हो, मानवअधिकारको चरम उलंघन हो ।
- मृतकको घाउलाई हेर्दा खुकरी होइन चक्कु प्रहार गरेजस्तो लाग्दछ, कस्तो खालको हतियार प्रयोग गरेको भन्ने कुरा अनुसन्धानबाट खुल्नेछ ।
- जातीय भेदभावको कारणबाट उक्त घटना घट्न गएको हो, पक्का कर्तव्यज्यान अपराध हो ।
- भविष्यमा यस्ता घटनाहरु दोहोरीन नपाउन भन्ने कुरालाई ध्यान दिन जरुरी छ, घटनामा संलग्न दोषिहरु उपर कारवाही हुन्छ ।

**दैलेख जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बासुदेव दाहाल :**

- घटनाको प्रकृतिलाई हेर्दा अन्तरजातीय विवाहकै कारण घटना घटेको देखिन्छ, तपाईहरुले जे सुन्नुभएको छ मैले पनि सुनेको त्यहि नै हो ।
- केटाकेटीले विवाह गरेपश्चात केटीपक्षका बावुआमा विवाहमा मौन सहमती भैसकेको अवस्था देखिन्छ तर घटना घटाउनका लागि योजनाकार भनिएकी विन्दु शाहीले सदरमुकामदेखि केटाहरु लगि घटना घटाएको देखिन्छ ।
- हामीहरुले घटनाका दोषिहरु नउम्कुन भनी जिल्लाका सवै नाकाहरु बन्द गरेका हौं । एफ.एम. रेडियो समेतबाट सुचना जारी गरका छौं ।
- योजनाकार भनिएकी विन्दु शाही यसै जिल्लाको क्षेत्र नं. २ मा पर्ने पादुका गा.वि.स. बाट आफै फोन गरेर सुरक्षा निकायलाई सुचना दिई पक्राउ भएकी ।
- यस जिल्ला ठकुरी समुदायको बाहुल्यता रहेको, हामीनै सर्वेसर्वा हो भन्ने धारण यो समुदायमा रहेको पाईन्छ । प्रायजसो मादक पदार्थ सेवन गर्ने समुदाय यस जिल्लामा ठकुरी नै देखिन्छ ।
- यस जिल्लामा घटेका घटनाहरुमा राजनीतिक दवाव पनि पर्ने गर्दछ तर यस घटनामा अझसम्म राजनीतिक रुपमाबाट कुनै दवाव आएको छैन र आउनपनि हुदैन ।
- मैले विभिन्न कार्यक्रमहरुमा जाँदा जातीय छुवाछूतको बारेमा वोल्ने गरेको तर कुनैपनि मिडियाले प्राथमिकता दिएको पाईदैन ।

**२.३.३. दैलेख जिल्लाका निमित्त प्रहरी नायव उपरिक्षक हिम्मत बहादुर घर्ती मगर :**

- घटना घटेको उक्त वडा नं. मा ३ घरमात्र शाही परिवारको रहेको छ, उक्त ३ घर सल्लेरी गा.वि.स. वाट आएका हुन, अन्य बाँकी मगर र दलित समुदायको वसोवास रहेकोछ ।
- यस अन्तरजातीय विवाहमा केटीको आमाबावु सहमत भैसकेको अवस्था थियो ।
- मिति २०६८ श्रावण २८ गते केटाकेटीले रु ६० हजार रुपैया चोरी गरी भागेको हुनाले कारवाही गरिपाउँ भनी केटीको बावु भक्त बहादुर शाहीले उजुरी दिए पश्चात २ दिनपछि केटाकेटीको अभिभावकहरुले केटाकेटी दुवैलाई लिई इलाका प्रहरी कार्यालयमा उपस्थित भए र हामीले सोधपुछ गर्दा चोरी गरेको भन्ने कुनै कुरा नदेखिएपछि, अव आईन्दा कसैले कसैलाई दुख नदिने, केटाकेटीलाई पढने वातावरण मिलाउने भन्ने सहमती बमोजिम केटाकेटीलाई आ आफनो अभिभावक जिम्मा लगाएका हौं ।
- घटनामा संलग्न भनिएका दोषिहरु मध्ये ३ जना स्थानीय गाविसकै हुन भने अन्य बाँकी ६ जना सदरमुकामका हुन ।

### २.३.४. दैलेख जिल्लामा क्रियाशिल दलित संजालका प्रतिनिधिहरु :

मिति २०६८ भाद्र १७ गते राष्ट्रिय दलित आयोगको अनुगमन टोली दैलेख जिल्लामा क्रियाशिल दलित संघसंगठनका प्रतिनिधिहरु सँग बैठक बसी घटनाको बारेमा जानकारी लिने कार्य गरिएको थियो । बैठकमा दलित संजालका प्रतिनिधहरुले व्यक्त गरेको कुराहरु जस्ताको त्यस्तै राखिएको छ ।

**जिल्ला दलित संजालका प्रतिनिधिहरु :**

१. सुर्य वि.क., अध्यक्ष, दलित सेवा संघ
२. गोपाल नेपाली, नेकपा एमाले, जि.क. सदस्य
३. पार्वती विसुंखे, अध्यक्ष दलित महिला संघ
४. रेशम विश्वकर्मा, अध्यक्ष, ने.रा.द.स.क.संघ
५. कमल विश्वकर्मा, ने.रा.द.स.क.संघ
६. हिक्मत विश्वकर्मा, नेकपा एमाले जि.क. सदस्य
७. खगिराज सुनार, अध्यक्ष, नेपाल सुनचाँदी व्य.सं.
८. मिरा स्वर्णकार, दलित सेवा संघ
९. अम्मर सुनार, अध्यक्ष, दलित जागरण केन्द्र
१०.प्रतिभा वि.क., ने.रा.द.स.क. संघ

- सेते दमाईको छोरा सन्तबहादुर दमाई र राजकुमारी शाही सोही गा.वि.स.मा अवस्थित नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयमा कक्षा ७ मा अध्ययनरत रहेका छन, विगत २ बर्षदेखी (कक्षा ५मा अध्ययन गर्दा) प्रेम सम्बन्ध रहदै आएको ।
- केटाकेटीको प्रेम सम्बन्धकै कारण मिति २०६८ जेष्ठ ४ गते विवाह गर्ने उद्धेश्यका साथ घरबाट भागेकोमा राजकुमारी शाहीको घरपरिवारबाट खोजतलास गरी ५ गते केटाकेटीलाई समाते पश्चात केटाकेटीलाई विछोड बनाउने उद्वेश्यले नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय अगाडी रहेको चौरमा केटाकेटीका अभिभावकहरु सहित भेला बसी केटा पक्षलाई रु १ हजार र १ वटा खसी जरिवाना गरी अव उप्रान्त केटाकेटी भेटघाट नहुने केटीपक्षबाट धम्कि सहित छुटाएका हुन ।
- जेष्ठ ५ गते केटाकेटीलाई विछोड बनाएपछि केटीतर्फका आफन्तहरुले केटीलाई “दमाईसंग लागेकी डुमेनी” भनेर अपहेलना गर्ने, भेदभाव गरी मानसिक टर्चर दिनथाले पछि, पुन २०६८ भदौ २८ गते अन्तरजातीय विवाह गर्ने अठोट गरेर सन्तवहादुर दमाई र राजकुमारी शाही घरबाट भागेर सन्तबहादुरको आफन्तकोमा गई बसेको अवस्था हो ।
- जव मिति २०६८ साउन २८ गते  गाउँबाट सन्तबहादुर दमाईं र राजकुमारी शाही भागेपछि राजकुमारी शाहीको माईली फुपू रत्ना चन्द, उनको छोरा तुलबहादुर चन्द, काका लालबहादुर शाहीको छोरा प्रेमबहादुर शाही, भिनाजु नाता पर्ने गणेश सिंह समेतले भादौ ३ गते दिउँसो, सन्तबहादुरका माईला दाजु सुशील, बुबा सेते दमाई र काईंला बुबा कले दमाईलाई  आफनै घरमा बोलाई गालिगलौज गर्दै कुटपीट गरे ।
- २०६८।५। ४ गते केटाकी कान्छी आमा पवित्रा नेपालीले इलाका प्रहरी कार्यालय नौमुलेमा निवेदन दिएको ।
- मिति २०६८।५।५ मा इ.प्र.का. बाट प्रहरी घटना भएको ठाउँमा आई छलफल गरेपछि केटा-केटीलाई घरमा नै बस्न दिने र कसैले कसैलाई पनि केही नगर्ने भनी  मिलापत्रको कागज गराइयो ।
- मिति २०६८ भदौ १३ तीजको दर खानेदिन दिउँसो सन्तबहादुर र राजकुमारी पनि घरमा आएका बेलामा केटी राजकुमारी शाहीको आफनै फूपु नाता पर्ने विन्दकला शाहीको योजनामा सदमुकामदेखि हातहतियार सहित केटाहरु लगि वेलुका ९ बजे सन्तबहादुरको घरमा आक्रमण गरेका हुन ।

- उक्त घटना सानो जात (दमाईले) ठकुरीको छोरीसँग विवाह गर्ने, यसको परिवार सवैलाई सिद्धाईदिनुपर्दछ भनी योजनाबद्ध ढंगले घटाइएको घटना हो ।
- घटनामा संलग्न व्यक्तिहरुलाई कानून बमोजिम कडा दण्ड सजायको व्यवस्था हुनपर्दछ ।
- यस जिल्लामा जातीय भेदभाव र छुवाछूतका घटनाहरु बारम्बार हुने गरेका छन, यस्ता घटनाहरुका लागि हामी एकतावद्ध ढंगले कार्य गर्ने भनी जिल्ला दलित संजालको गठन गरेका छौं ।

**२.३.५. मृतक सेते दमाईको जेठो छोरा नरबहादुर दमाई :**

- २ बर्षसम्मको प्रेमसम्बन्धका कारण दुइजना २०६८ जेठ ४ गते घरबाट भागेर नजिकैको तुसारघारी जंगलमा १ बेलुका बास बसेका हुन् । जेठ ५ केटाकेटीको खोजी गरी केटालाई केटाको घरमा र केटीलाई माईतीमा लाने काम भएको हो । उक्त दिन ठकुरीको छोरी दमैले लैजाने भनी केटीपक्षले सन्तवहादुरलाई रु १ हजार र १ वटा खसी जरिवाना गराएका हुनर ।
- त्यसपश्चात राजकुमारी शाहीलाई उनको घरपरिवारले **“दमाईसंग लागेकी डुमेनी”** भनेर गालीलगलौज गर्ने, हिंसा गर्ने गर्दथे जसका कारण पुन उनीहरु २०६८ श्रावण २८ गते विवाह गर्ने भनी गाउँबाट भागेका हुन ।
- केटाकेटी भागेपछि राजकुमारीको बावुले रु ६० हजार चोरीगरि भागे भनि नौमुले प्रहरी चौकीमा उजुरी दिएका रहेछन त्यसपश्चात हामी दुवैपक्ष बसी अवआइन्दा कसैले कसैलाई गालीगलौज नगर्ने, दुखकष्ट नदिने, केटाकेटीको विषयमा कुनै कुरा नगर्ने, केटाकेटीलाई पढने बातावरण मिलाईदिने भन्ने व्यहोराको कागज गरि सवै कुरा सकाएका हौं ।
- भाद्र १३ तिजको मौकामा सन्तवहादुर र राजकुमारी घर आएका थिए । वेलुका करिव ९ बजेतिरको समयमा हामी घरपरिवार खाना खाई सुत्ने तयारीमा विस्तारामा पल्टिसकेका थियौं । सोही समयमा एक्कासी राजकुमारी आफनै कान्छी फुपू तोली गा.वि.स. वडा नं. २ धनीगाउँ बस्ने बिन्दकला शाहीको नेतृत्वमा नारायण नगरपालिका वडा नं. ६ बस्ने जीवन शाही, कृष्ण खत्री, डिल्ली खत्री, सुभास के.सी. लगायतका १०/१५ जना व्यक्तिहरु एक्कासी भित्र पसी हमला गरेका हुन । वुवाले के भयो ? को हो ? किन आ'को भनी सोध्न खोज्दा “तल्लो जातको भएर पनि माथिल्लो जात त्यसमा पनि ठकुरीको छोरी लिने आँट तेरो छोराले कसरी गऱ्यो ?” भन्दै काँडेदार धारिलो चक्कूले बुवाको छातिमा प्रहार गरे, मलाई समेत ५-६ जनाले च्याप्चुप समातेर आगनै नजिक करिब ४ फीट अग्लो तल्लो मकैबारीमा खसाली कुटपीट गरेका हुन, खुकरीले मेरा हातमा समेत चोक लागेको छ, त्यसपछि हमलाकारीहरुसँग प्रतिकार गरि त्यहाँबाट उठेर फेरी आगनमा आई पुग्दा १ काँडेदार चक्कू वुवाको छातिमा रोपिएकै अवस्थामा थियो र वुवा भुइमा लडनुभएको थियो त्यसवेलासम्म आक्रमणकारीहरु भागिसकेका थिए ।
- त्यसपछि सवै गाउँले छिमेकीहरु जम्मा भई, छिमेकी पदम रानाले सेते दमाईको छातिमा रोपिएको चक्कू भिकेका हुन । गाउँलेहरु धेरै जम्मा भइसक्दा आक्रमण हुने डरल त्यस राति उपचार गर्न लैजाने कसैले आँट गर्न सकीएन । विहान करिव साढे ८ बजे नौमूले इलाका प्रहरी कार्यालयबाट खटी आएको टोलीले सल्लाह दिएपछि अलि सुरक्षाको महसुश गरी २०६८ भदौ १४ गते विहान ९ घरबाट हिडि २ बजेतिर बुवालाई जिल्ला अस्पताल दैलेखमा उपचारको लागि भर्ना गरिएकोमा

जिल्ला अस्पतालमा प्रारम्भिक उपचारपछि सुर्खेत क्षेत्रीय अस्पतालमा रीफर गरेपछि साँझ अन्दाजी ९ बजेतिरको समयमा सुर्खेत क्षेत्रीय अस्पतालमा पुऱ्याएका लगतै मृत्यू भएको भनी चिकित्सकहरुले घोषणा गरेका हुन ।

**पवित्रा दमाई : (मृतकको वुहारी नातापर्ने)**

- सन्तवहादुर दमाई र राजकुमारी शाही एउटै कक्षामा पढ्दै आएका थिए । २ बर्षदेखिको प्रेम सम्बन्धका कारण दुइजनाले विवाह गर्ने उद्देश्यले २०६८ जेष्ठ ४ गते घरबाट भागेकोमा राजकुमारी शाहीको घरपरिवारले खोजतलास गरी ५ गते दुवैजना केटाकेटी र अभिभावकहरु संग बसी छलफल पश्चात केटीलाई आफनो जातिमा फर्काउने भन्दै केटालाई १ हजार नगद र एउटा खसी जरिवाना तिराए हुन ।
- राजकुमारी शाहीलाई माईतीमा परिवारकै सदस्यले "दमाईसंग लागेकी डुमेनी" भनेर अपहेलना गरिरहेकाले पुन उनीहरु २०६८ श्रावण २८ गते विवाह गर्ने अठोट गरेर घरबाट भागेका हुन । जव गाउँबाट सन्तबहादुर दमाईं र राजकुमारी शाही भागेपछि राजकुमारीकी माईली फुपू रत्ना चन्द, उनको छोरा तुलबहादुर चन्द, काका लालबहादुर शाहीको छोरा प्रेमबहादुर शाही, भिनाजु नाता पर्ने गणेश सिंह समेतले श्रावण ३० गते दिउँसो सन्तबहादुरका माईला दाजु सुशील, बुबा सेते दमाई र काईंला बुबा कले दमाईलाई आफनै घरमा बोलाई कूटपीट गरेका हुन ।
- भदौ १३ तीजको दर खाने दिन दिउँसो सन्तबहादुर र राजकुमारी पनि घरमा आएका, जेठो छोरा पनि २ साता अघि मात्र भारतबाट घर फर्किएकोले साँझ अवेरसम्म परिवार आफन्त बसेर कुराकानी गर्दै थियौं ।
- उक्त समयमा हामी सुतिरहेको मौकापारी राजकुमारीकी आफनै कान्छी फुपू तोली गा.वि.स. वडा नं. २ धनीगाउँ बस्ने बिन्दकला शाहीको मुख्य योजनामा नारायण नगरपालिका वडा नं. ६ बस्ने जीवन शाही, कृष्ण खत्री, डिल्ली खत्री, सुभास के.सी. लगायतका १०/१५ जना व्यक्तिहरु राति अन्दाजी साढे ९ बजेतिरको समयमा हुलहज्जत गरी एक्कासी भित्र पसी घरको बाहिरी कोठामा सुतेका वुवा सेते दमाई र नरबहादुरलाई नाध्दै भित्र भान्छा कोठामा पसि हाम्रो मुखैमा टर्च लगाएर हेरी बाहिरी निस्केका र फेरी अर्को पटक ३ जना व्यक्तिहरु भित्र पसी भित्र पस्ने ढोकाको नजिकै माथिल्लो तलामा सामान राख्न सजिलो र आगो बाल्दा धुँवा जाओस् भनी बनाइएको प्वालबाट टाउको घुसाई एक जनाले ओथारोमा को छ ? भनी टर्च लगाएर हेर्न लाग्दा म र सन्तवहादुरको आमा चिच्च्याउदै बाहिर निस्केर गाउँ-गुहार गरेको लगतै सन्तबहादुरका बुबा सेते दमाई के हो ? को हो ? किन आएको भनी सोध्न खोज्दा "तल्लो जातको भएर पनि माथिल्लो जात त्यसमा पनि ठकुरीको छोरी लिने आँट तेरो छोराले कसरी गऱ्यो ?" भन्दै मुक्का हानेका र त्यहीवीचमा सेते दमाईले सन्तबहादुर र राजकुमारी सुतेको माथिल्लो तलामा बाहिरपट्टिबाट जान लागेका २ जना नकावधारीलाई व्यक्तिलाई रोक्न खोज्दा काँडेदार धारिलो १० इञ्चको चक्कूले सेते दमाईलाई छातिमा प्रहार गरेका हुन भने सन्तबहादुरका जेठा दाजु नरबहादुर दमाईलाई समेत ५-६ जनाले च्याप्चुप समातेर आगनै बाट तल्लो मकैबारीमा फालेका हुन । सेते दमाईको छातीमा चक्कु रोपिएकै अवस्थामा थियो । पछि गाउँलेहरु जम्मा भई पदम रानाले सेते दमाईको

छातीबाट खुकुरी निकालेका हुन । त्यस रात उपचार गर्न लाने अवस्था थिएन, हामी सवै फेरी आक्रमण हुन्छकी भनी डराएका थियौ । भोलिपल्ट मात्र उपचारको लागि जिल्ला अस्पताल दैलेख लगेका हौं । दैलेखमा पनि उपचार हुन नसकेपछि सुर्खेत अस्पताल पुऱ्याएपछि सेते दमाईको मृत्यू भएको हो ।

- उक्त घटना घटाउनको लागि मुख्य हात विन्दकला शाहीको रहेको छ,। विन्दकलाले बजारदेखिका केटाहरु र यहि गाउँकै राजकुमारीका आफन्त पर्ने केटाहरु मिलि यो घटना घटाएका छन ।

## २.३.६. रुपेश थापा मगर :

- सन्तबहादुर दमाई र राजकुमारी शाहीवीच कक्षा ५ पढ्दा देखि नै गहिरो मायाप्रेम रहदै आएको थियो, दुवैले एकअर्कालाई अत्यन्तै माया गर्ने गर्दथे ।
- मिति २०६८ जेष्ठ ४ गते सन्तवहादुर र राजकुमारी शाही घरबाट भागेका हुन तर भोलिपल्ट ५ गते केटाकेटी दुवैलाई खोजतलास गरी गाउँलेहरुको रोहवरमा केटालाई रु १ हजार र १ वटा खसी जरिवाना गराएका हुन् ।
- दमाई भएर ठकुरीको छोरी विवाह गर्ने भनी केटीपक्षले केटापक्षका अभिभावकहरुलाई डर, त्रास, धम्कि दिने गालीगलौज गर्ने गर्दै आएका थिए ।
- मिति २०६८ साउन २८ गते पुन सन्तबहादुर र राजकुमारी विवाह गर्ने भनी घरबाट भागी आफन्तकोमा गई बस्दै आएकोमा मिति २०६८ भदौ १३ गते तिजको दरखाने भनी घर आएको मौका पारि राती करिव ९ बजे १० देखि १५ जना व्यक्तिहरु आई सन्तवहादुरको घरमा आक्रमण गरेपश्चात गुहार गुहार भनी होहल्लचा भएपछि घटनास्थलमा जाँदा सेतेदमाई रगताम्यै भई भुइमा लडेका रहेछन, उनको छातीमा चक्कु रोपीएको थियो । अपराधीहरुलाई खोजतलास गर्दा बारीबारी भाग्दै गरेको देखेको हुँ ।
- उक्त अपराध घटाउनको लागि राजकुमारी शाहीको फूपु नाता पर्ने विन्दकला शाही प्रमुख व्यक्ति हुन, उनैको योजनामा यो घटना घटेको हो ।

## ३. उक्त घटना पश्चात फेरी हुन सक्ने सम्भावित घटना तथा प्रयासहरु

- घटनामा संलग्न दोषिहरुलाई वचाउ गर्नको लागि राजनीतिक दवाव आउन सक्ने ।
- घटनापश्चात पनि केटीपक्षवाट आएको भनिएका धम्कीलाई विश्लेषण गर्दा अझै कुनै घटना घट्नसक्ने सम्भावना रहेको ।
- मृतकको परिवारको कमजोर आर्थिक अवस्थाका कारण केटी पक्षवाट आर्थिक प्रलोभन देखाई मुद्दा कमजोर पार्ने खेल हुन सक्ने सम्भावना रहेको ।

## ४. घटनाको अध्ययन पश्चात टोलीको निष्कर्ष:

प्रस्तुत घटनाको अध्ययनका क्रममा घटनाका पीडित परिवार, गाउँ छिमेकका व्यक्तिहरु, दैलेख जिल्ला स्थिति दलित अधिकारकर्मी, दलित संघसंगठनका प्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी, निमित्त प्रहरी नायव उपरिक्षक, जिल्ला न्यायधिवक्ता, राजनैतिक पार्टीका प्रतिनिधिहरु समेतसँग घटनाका वारेमा छलफल तथा अन्तरकृया र घटनास्थलको स्थलगत अध्ययन भ्रमण प्रतिवेदन समेतको अध्ययन र विश्लेषण पश्चात अनुगमन टोलीको निम्न निष्कर्ष रहेको छ ।

- जातीय अतिवाद, जातीय भेदभाव र छुवाछूतको पराकाष्टबाट निर्देशित भई न्याय, समानता, मर्यादा र मानवअधिकारका मुलभुत सिद्वान्त विपरित सेते दमाईको हत्या भएको कुरा अनुगमन टोलीको मुख्य ठहर रहेको छ ।
- राजकुमारी शाहीको माइती पक्षले केटा तथा केटाको अभिभावकलाई दमाई भएर ठकुरीको छोरी विवाह गर्ने भनी पटक पटक धम्किदिने, गालीगलौज गर्ने, मानसिक यातना, कुटपीट र निन्दनीय व्यवहार गर्ने गरेको देखिन्छ ।
- सन्तबहादुर दमाई र राजकुमारी शाहिको विगत २ बर्षदेखि प्रेम सम्बन्ध रहदै आएको देखिन्छ जसका कारण विवाह गर्ने मनसायले मिति २०६८ जेष्ठ ४ गते सन्तवहादुर र राजकुमारी शाही घरबाट भागेको देखिन्छ ।
- राजकुमारीको घरपरिवारले खोजतलास गरेपछि मिति २०६८ जेष्ठ ५ गते केटाकेटी दुवैलाई समाती केटा सन्तवहादुर दमाईलाई केटीपक्षकाले (दमाईको छोराले ठकुरीको छोरी लगेको भन्ने नाममा) रु १ हजार र १ वटा खसी दण्ड जरिवाना गरेको पाईन्छ ।
- त्यस पछि केटीलाई दमाई संग विवाह गरेकी भन्ने आरोपमा माईतीमा विभिन्न मानसिक यातना दिने गरेपछि सहन नसकि पुनः मिति २०६८ श्रावण २८ गते पुन सन्तवहादुर दमाई र राजकुमारी शाही घरबाट भागि छिमेकी चौरा गा.वि.स. मा रहेको केटाको दिदीको घरमा गएर वस्दै आएको देखिन्छ ।
- मिति २०६८ भाद्र १३ गते तीजमा दरखानका लागि केटा र केटी केटाको घरमा गएको मौका पारि उक्त घटना घटाएको देखिन्छ ।
- सोहि दिन सांझमा एकजना वालिका (राजकुमारी शाहीको माईत पट्टीको) केटी राजकुमारीलाई भेट्न आको निहुँमा केटा र केटी आए नआएको वुज्न केटाको घरमा आएको देखिन्छ ।
- मृतक परिवारको तर्फदेखि ९ जना व्यक्ति उपर कानूनी कारवाही गरिपाउँ भनी जिल्ला प्रहरी कार्यालय दैलेखमा किटानी जाहेरी दिएको अवस्था छ र हाल ९ जना आरोपित व्यक्तिहरु अनुसन्धानको लागि प्रहरी हिरासतमा रहेका र प्रहरी अनुसन्धान गरिरहेको देखियो ।
- उक्त घटना घटाउनको लागि मुख्य योजनाकारको रुपमा राजकुमारी शाहीको फूपू नाता पर्ने विन्दाकला शाहीको मुख्य हात रहेको देखिन्छ । घटना घटाईसकेपछि फरार भएकी विन्दकला शाही सोही जिल्लाको पादुका गा.वि.स. बाट सुरक्षा निकायलाई आफै फोन गरी पक्राउ पर्न आएको देखिन्छ ।
- उक्त घटना घटाउनको लागि मिति २०६८ भदौ १३ गते सदरमुकामदेखि १०/१५ जना केटाहरु र स्थानीय गा.वि.स.का राजकुमारी शाहीका आफन्तपर्ने ३ जना केटाहरु मिलि मृतकको घरमा आक्रमण गरेको र उक्त कार्यको नेतृत्व विन्दकला शाहीले गरेको देखिन्छ ।
- जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयले घटनालाई गम्भिरताका साथ हेरी घटनामा संलग्न दोषिहरु कोहीपनि उम्कन नपाउनु भन्ने उद्वेश्यले जिल्लाका सवै नाकाहरु बन्द गरिएको गरि सर्च गरिएको पाईयो भने स्थानीय एफ.एम.हरुबाट समेत सुचना प्रसारण गरेको पाईयो ।

- जिल्लामा क्रियाशिल दलित क्षेत्रमा कार्यरत संघसंस्थाहरु, दलित अधिकारकर्मीहरु, दलित भातृसंगठनका प्रनिनिधिहरु सवैले घटनालाई गम्भिर्भयताका साथ लिई जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा सम्बन्धित निकायलाई सहयोगका साथै दोषिहरुलाई कारवाहीका लागि दवाव सृजना गरेको पाईयो ।

**५. अध्ययन टोलीको सुझावहरु:**

**घटना अनुगमनका क्रममा तथ्यहरुलाई विश्लेषण स्थलगत अनुगमन टोली सो घटनाको सन्दर्भमा नेपाल सरकार तथा मानवअधिकार सम्वद्ध निकायहरु समक्ष निम्न सुझावहरू प्रस्तुत गर्दछ ।**

- घटनामा संलग्न भएको आशंकामा प्रहरी हिरासतमा रहेको अभियुक्तहरु माथि निपष्क्ष छानबिन गरी हत्यामा संलग्न दोषीलाई हदैसम्मको कानुनी कारवाही गरिनु पर्दछ ।
- दोषीहरुमाथि कर्तव्य ज्यान अन्तर्गतको मुद्दावाहेक जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ) ऐन २०६८ अन्तर्गत पनि मुद्दा चलाई छानवीन गर्नुपर्दछ ।
- घटनाको सन्दर्भमा आउन सक्ने राजनीतिक दवाव तथा अन्य चलखेललाई निरुत्साहित गरिनुपर्दछ । मृतकका परिवारको आर्थिक अवस्था अत्यन्तै दयनीय भएकाले र परिवार संख्या ठूलो भएकाले मृतकपरिवारलाई राज्यका तर्फवाट उचित क्षतिपूर्ति तथा राहात प्रदान गरिनु पर्दछ
- जातीय भेदभाव र छुवाछूत प्रथाको अन्त्यका लागि राज्यले विशेष अधियानहरु संचालन गरिनुपर्दछ ।
- मानिसको बाच्न पाउने अधिकार तथा जीउज्यानको सुरक्षाको सुनिश्चितता प्रदान गरिनु पर्दछ ।
- मृतकका परिवारको आर्थिक अवस्था अत्यन्तै दयनीय भएकाले र परिवार संख्या ठूलो भएकाले मृतकपरिवारलाई राज्यका तर्फवाट उचित क्षतिपूर्ति तथा राहात प्रदान गरिनु पर्दछ
- मृतकको परिवार लाई आवश्यक सुरक्षा प्रदान गर्नुपर्ने ।
- अन्तरजातीय विवाहित जोडीलाई गाउँमा नै शान्तिपुर्वक बाच्नपाउने गरी दिर्घकालिन रुपमा पुर्नस्थापना गरिनुपर्दछ ।
- उक्त घटनाको प्रत्यक्ष देख्ने सरकारी गवाह, सर्जमिनका व्यक्तिहरु, मौकामा कागज गर्ने व्यक्तिहरुको जीउज्यानका सुरक्षाको ग्यारेन्टी गरिनुपर्दछ ।
- देशका विभिन्न जिल्लाहरूमा श्रृंखलाबद्ध व्यक्ति हत्या,वलात्कार ्तथा अपराधिक क्रियाकलापहरूले निरन्तरता पाइरहेकाले शान्ति सुरक्षा कायम गर्न प्रशासनिक तथा सुरक्षा निकायले यथोचित कडा सुरक्षा व्यवस्थापन गरिनु पदर्छ ।
- उक्त घटना जातीय अतिवाद, जातीय भेदभाव र छुवाछूतको पराकाष्टबाट निर्देशित भई न्याय, समानता, मर्यादा र मानवअधिकारका मुलभुत सिद्वान्त विपरित घटाईएको हुनाले राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग तथा नेपाल सरकार संवेदनशिल भई निपष्क्ष छानवीन, कानूनी कारवाहीका लागि पहल गरिनुपर्दछ ।